# नीति अनुसन्धान प्रतिष्ठान
# Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)

प.सं. :-
च.नं. :-


मिति :- २०८२/०८/२४

## नीति अनुसन्धान प्रतिष्ठान, नारायणहिटी, काठमाडौं

## इन्टर्नशिप कार्यक्रममा सहभागिताका लागि आवेदन आह्वानको सूचना

(सूचना प्रकाशन मितिः २०८२/०८/२४)

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको विशेषज्ञ समूह (थिङ्क-ट्याङ्क) को रूपमा स्थापना भएको अनुसन्धान संस्था हो । यसले कुनै खास विषयमा राष्ट्रले अख्तियार गर्नुपर्ने वा गरेका दीर्घकालीन, अल्पकालीन तथा तत्कालीन नीति सम्बन्धमा अनुसन्धान गरी त्यसमा सुधारका लागि अपनाउनु पर्ने उपायका बारेमा नेपाल सरकारलाई सुझाव दिने गर्दछ । नेपाल सरकारको अनुरोधमा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी कुनै खास विषयमा अपनाउनु पर्ने नीतिको मस्यौदा गरेर वा मस्यौदामा सुधारका लागि नीति पृष्ठपोषण गरेर सम्बन्धित मन्त्रालयमा पठाउने तथा सार्वजनिक नीतिहरूको समीक्षा गरी प्रभावकारी नदेखिएका नीतिहरूको सुधारका लागि वा नयाँ नीति निर्माणका लागि तथ्य-प्रमाणमा आधारित सिफारिस गर्ने कार्य पनि प्रतिष्ठानको कार्यदिश अन्तर्गत पर्दछ ।

यसै सन्दर्भमा, नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ को दफा २१, नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी) नियमावली, २०७६ को नियम ७७, तथा प्रतिष्ठानको इन्टर्नशिप कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को व्यवस्था बमोजिम हुने गरी सार्वजनिक नीतिका सबै विषयगत क्षेत्रमा गरिने अध्ययन अनुसन्धानमा सहयोग गर्नका लागि प्रतिष्ठानमा देहाय अनुसारका अनुसन्धान इन्टर्नहरू आवश्यक परेको हुँदा इच्छुक, योग्य र स्वउत्प्रेरित उम्मेदवारहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र (२०८२ पुस १६ गते बुधबारभित्र) प्रतिष्ठानको वेबसाइटमा व्यवस्थित अनलाइन प्रणालीमार्फत आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि (इन्टर्नशिप आवेदन आह्वानको) यो सूचना प्रकाशित गरिएको छ ।

<u>अनुसन्धान इन्टर्नले गर्नुपर्ने मुख्य कार्यहरू :</u>

सम्बन्धित विभाग प्रमुख तथा नीति अध्ययन केन्द्रका प्रमुख (वरिष्ठ अनुसन्धानकर्ता) को सुपरिवेक्षणमा रही सम्बन्धित विभाग तथा नीति अध्ययन केन्द्रले सञ्चालन गरिरहेका विभिन्न अनुसन्धान सम्बन्धी कार्यक्रममा प्राथमिक तथा सहायक तथ्याङ्क (गणनात्मक र गुणात्मक) को सङ्कलन, साहित्य समीक्षा, तथ्याङ्कशास्त्रीय विश्लेषण, गुणात्मक तथ्याङ्कको विश्लेषण, श्रव्य सामाग्रीको लिप्यान्तरण (ट्रान्स्क्रिप्शन), प्रतिवेदन लेखन, मस्यौदा प्रतिवेदनहरूको सम्पादन, नीति संवादको व्यवस्थापन, कार्यक्रम प्रतिवेदनको तयारी, प्रकाशन व्यवस्थापन, डिजिटल र भौतिक पुस्तकालय सञ्चालन, जर्नल व्यवस्थापन, भाषा सम्पादन, वाह्य सम्पर्क लगायतका कार्यहरूमा सुपरिवेक्षकले तोके बमोजिमको कार्यहरू गर्ने तथा त्यस्ता काममा सहयोगी भूमिका निर्वाह गर्ने।



नारायणहिटी, काठमाडौं, नेपाल
फोनः ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np

आवश्यक न्यूनतम शैक्षिक योग्यता, अनुभव तथा सीप :

- **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : मान्यताप्राप्त विश्वविद्यालयबाट शोधपत्र सहित स्नातकोत्तर उपाधि प्राप्त गरेको वा विश्वविद्यालयको स्नातकोत्तर तहमा अध्ययनरत रहेको हुनुपर्नेछ ।
- **अनुभव तथा आवश्यक सीप** : अनुसन्धान सम्बन्धी सामान्य ज्ञान र रुचि भई अनुसन्धानमूलक कार्यमा सहभागिताको पूर्व अनुभव भएको तथा तथ्याङ्क सङ्कलन, गणनात्मक र गुणात्मक तथ्याङ्कको विश्लेषण, साहित्य समीक्षा, श्रव्य सामाग्रीको ट्रान्स्क्रिप्शन, प्रतिवेदन लेखन, प्रतिवेदनको सम्पादन र समीक्षा, अनुसन्धान प्रतिवेदन र शोधलेखहरूको कपी एडिटिङ्, कम्प्यूटर एप्लिकेशनको प्रयोग र नेपाली तथा अङ्ग्रेजी भाषाको प्रयोगमा प्रवीणता भएको हुनुपर्नेछ ।

इन्टर्नसीप सम्बन्धी अन्य व्यवस्था :

- **माग सङ्ख्या** : ६ जना ।
- **इन्टर्नसीप अवधि** : ६ महिना (प्रतिष्ठानको नियम अनुसार अवधि थप गर्न सकिने) ।
- **कामको प्रकृति (सेवा गर्नुपर्ने समय)** : पूर्णकालीन (कार्यालय समयमा दैनिक उपस्थित हुनुपर्ने)।
- **पारिश्रमिक** : रू. ३०,०००।— (तीस हजार रुपैयाँ मात्र) प्रति महिना ।
- **बिदा लगायतका अन्य सुबिधा** : प्रतिष्ठानको नियमानुसार हुने ।
- **छनोट विधि** : पहिलो चरणमा शैक्षिक उपलब्धि, समावेशिता, अनुसन्धान अनुभव र व्यक्तिगत निबन्ध (आफ्नो पेशागत लक्ष्य सम्बन्धमा ८०० देखि १००० शब्दमा लेखिएको) को मूल्याङ्कनका आधारमा प्रारम्भिक छनोट गरी लघुसूची (shortlist) तयार गरिनेछ ।दोस्रो चरणमा तथ्याङ्क विश्लेषण र निष्कर्ष लेखन, अङ्ग्रेजी र नेपाली भाषाको प्रयोग र कम्प्युटर (अफिस) एप्लिकेशन्सको प्रयोग सम्बन्धी दक्षताको प्रयोगात्मक सीप परीक्षण हुनेछ । तेस्रो चरणमा अन्तर्वार्ता लिई उम्मेदवारको अन्तिम छनोट गरिनेछ ।
- **दरखास्त बुझाउने तरीका** : प्रतिष्ठानको वेबसाइट Application Form मा व्यवस्थित अनलाइन प्रणाली मार्फत ।
- **दरखास्त दिन पाउने विभाग/केन्द्र** : एक जना उम्मेदवारले तल दिइएका छ वटा विभाग/केन्द्रमध्ये आफूलाई उपयुक्त कुनै दुई विभाग/केन्द्रमा एकैसाथ आवेदन दिन पाउनेछ ।



नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np

<u>माग सङ्ख्या, योगदान गर्नुपर्ने केन्द्र/विभाग र उम्मेदवारको वाञ्छनीय योग्यता तथा सीप</u>

१) आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र : १ जना

- अर्थशास्त्र, कृषि अर्थशास्त्र र व्यवस्थापन अर्थशास्त्र विषयमा स्नातकोत्तर तहमा अध्ययनरत वा शोधपत्रसहित स्नातकोत्तर उपाधि प्राप्त गरेको।
- नेपालको औधोगिक विकास, सार्वजनिक वित्त, नेपालले भित्र्याउने आधिकारिक विकास सहायता, मौद्रिक नीति र वित्तीय नीति, आवधिक योजना, सरकारका विभिन्न निकायले प्रकाशन गर्ने आर्थिक तथ्याङ्कहरू सम्बन्धी ज्ञान तथा सामान्य जानकारी भई EXCEL, R, SPSS, STATA जस्ता सफ्टवेयरको प्रयोगमा दक्ष/जानकार रहेको।

२) शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति केन्द्र : १ जना

- राजनीतिशास्त्र (पोलिटिकल साइन्सेस), कानुन, जनप्रशासन, शिक्षा, मानविकी तथा सामाजिक शास्त्र (सोसियल साइन्सेस), शासकीय प्रबन्ध, जनस्वास्थ्य तथा अन्य अलाईड साइन्स सहित सङ्घीयता सम्बन्धी अन्य विषयहरू मध्ये कुनै पनि विषयमा स्नातकोत्तर तहमा अध्ययनरत वा शोधपत्रसहित स्नातकोत्तर उपाधि प्राप्त गरेको ।
- वर्तमान नेपालको शासकीय प्रबन्ध र सङ्घीयता सम्वद्ध विषयवस्तु सहित सामाजिक राजनीतिक र कानुनी सवालहरूमा जानकारी भएको ।

३) परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र : १ जना

- अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति, राष्ट्रिय/अन्तर्राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय कानून, राजनीतिशास्त्र, रणनीतिक मामिला, सुरक्षा अध्ययन लगायत अन्य सम्बद्ध विषयहरूमा स्नातकोत्तर तहमा अध्ययनरत वा शोधपत्रसहित स्नातकोत्तर तह उत्तीर्ण गरेको ।
- नेपालको परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्धसहित समसामयिक कुटनीतिक विषयको ज्ञान भएको।

४) प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र : १ जना

- कृषि, वनविज्ञान, वातावरण विज्ञान, प्राकृतिक स्रोत व्यवस्थापन, भूगोल, वाणिज्यशास्त्र र व्यवस्थापन सम्बन्धी विषयमा स्नातकोत्तर तहमा अध्ययनरत रहेको वा शोधपत्रसहित स्नातकोत्तर तह उत्तीर्ण गरेको ।
- सूचना प्रविधिको नवीनतम आयाम; कृषि, वातावरण संरक्षण र वन सम्बन्धी राष्ट्रिय नीतिहरू; प्राकृतिक स्रोत व्यवस्थापन र समसामयिक वातावरणीय तथा पर्यावरणीय मामिलाबारे जानकारी भएको ।



नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1-4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np

५) अनुसन्धान विभाग : १ जना

- जुनसुकै विषयमा स्नातकोत्तर तहमा अध्ययनरत रहेको वा शोधपत्रसहित स्नातकोत्तर तह उत्तीर्ण गरेको (अर्थशास्त्र, तथ्याङ्कशास्त्र, व्यवस्थापन, कानुन, समाजशास्त्र (सामाजिक विज्ञान), कृषि तथा वनविज्ञान र जनप्रशासन विषयलाई प्राथमिकता दिइने) ।
- आधारभूत अनुसन्धान विधि, अनुसन्धान व्यवस्थापन, कार्यक्रम व्यवस्थापन, प्रतिवेदन लेखन, अनुसन्धान प्रतिवेदन र शोधलेखहरूको सम्पादन र समीक्षा सहित अन्य व्यवस्थापकीय कार्यको ज्ञान, सीप तथा अभिरुचि भएको ।

६) सूचना तथा ज्ञान व्यवस्थापन विभाग : १ जना

- जुनसुकै विषयमा स्नातकोत्तर तहमा अध्ययनरत रहेको वा शोधपत्रसहित स्नातकोत्तर तह उत्तीर्ण गरेको (सूचना-प्रविधि, सूचना व्यवस्थापन, ज्ञान व्यवस्थापन, पुस्तकालय विज्ञान र पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर तहमा अध्ययनरत वा स्नातकोत्तर तह उत्तीर्ण गरेको लाई प्राथमिकता दिइने)।
- डिजिटल पुस्तकालयको सामग्रीको मेटाडाटा शुद्धसँग सम्पादन गर्न सक्ने, डिजिटल र भौतिक पुस्तकालय सञ्चालनमा सहयोग गर्न सक्ने, विज्ञ-समीक्षित जर्नलको लागि शोधलेखहरूको प्रारम्भिक सम्पादकीय परीक्षण, कपी एडिटिङ्ग, शोधलेखहरूको अभिलेखीकरण तथा जर्नल प्रकाशन सम्बद्ध समग्र प्रक्रियाको अभिलेख व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र अभिरुचि सहित अनुसन्धान कार्यमा रुचि भएको; प्रतिष्ठानका गतिविधिको समाचार तयार गर्न सक्ने र नेपाली तथा अङ्ग्रेजी भाषाको प्रयोगमा प्रवीणता भएको ।

<u>दरखास्त फारमसाथ पेश गर्नुपर्ने प्रमाण कागजात :</u>

(१) आफ्नो पेशागत लक्ष्य सम्बन्धमा आफू स्वयमले लेखेको ८०० देखि १००० शब्दसम्मको निबन्ध (निबन्ध लेखनमा कृत्रिम बुद्धिमत्ताको प्रयोग गर्न पाइने छैन) ।

(२) प्रमाणजनित कागजात (आफू स्वयमले प्रमाणित गरेका देहायका कागजातहरू क्रमबद्ध रूपमा एउटै फाइलमा समावेश गरी पीडीएफमा पेश (अपलोड) गर्ने) -

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) स्नातक तहदेखि हालसम्मको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

(ग) स्नातकोत्तर अध्ययनरतको हकमा भर्नाको प्रमाण र/वा सेमेस्टरको लब्धाङ्कपत्र



नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np

(घ) स्नातकोत्तर तहमा अध्ययनरतको हकमा सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान, स्कूल, क्याम्पस, कलेज, विभाग लगायतका शैक्षिक संस्था वा निकायबाट दिइएको (पूर्णकालीन रूपमा काम गर्न सक्ने विषय/अवस्था समेत खुलेको) सिफारिस-पत्र

(ङ) कम्प्युटर एप्लिकेशन तालिमको प्रमाणपत्र (उपलब्ध भएमा)

(च) अङ्ग्रेजी भाषाको प्रवीणता सम्बन्धी अन्तर्राष्ट्रिय परीक्षा दिएको भएमा सोको मान्य प्रमाणपत्र

(छ) व्यक्तिगत विवरण (Curriculum Vitae)

(ज) सामाजिक समावेशिताको प्रमाण (आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ग, अल्पसङ्ख्यक र पिछडिएको क्षेत्र लगायत समावेशिताको आधारका लागि आधिकारिक संस्थाबाट सम्बन्धित विषय प्रमाणित भएको कागजात) ।

(झ) देहायका अनुसन्धान सम्बद्ध अनुभवको प्रमाण (उपलब्ध भएमा/हासिल भएको भएमा)

- इन्टर्नशिपमा काम गरेको, अनुसन्धान सहायक र सर्भेक्षक (इनुमरेटर) आदि भई काम गरेको अनुभव
- जर्नल/श्वेतपत्र/पोलिसी ब्रिफ/अनुसन्धान प्रतिवेदन आदिमा प्रकाशित शोधलेख (आफू लेखक वा सह-लेखक भएको)

<u>द्रष्टव्य :</u>

- आवश्यक योग्यता नपुगेका; निर्धारित समयावधिपछि प्राप्त हुन आएका तथा दरखास्त फारमसाथ पेश गर्नुपर्ने प्रमाणका कुनै पनि कागजातहरू समावेश नभएका आवेदनहरू स्वतः रद्द हुनेछन् ।
- प्रतिष्ठानमा प्राप्त कुनै पनि आवेदन स्वीकार गर्ने/नगर्ने भन्ने कुराको पूर्णाधिकार प्रतिष्ठानमा निहित हुनेछ ।
- इन्टर्नशिपको आवेदन आह्वान सम्बन्धी यस विषयमा थप जानकारीका लागि प्रतिष्ठानको वेबसाइट (www.pri.gov.np) तथा info@pri.gov.np मा इमेल सन्देश सम्प्रेषण गर्न तथा कार्यालय समयभित्र कार्यालयमा वा फोन (०१-४५३९५१७) मा सम्पर्क गरी आवश्यक जानकारी लिन सकिनेछ ।

२०८२/८/२४



नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np